# प्रदेश सभा कार्य सञ्चालन (दोश्रो संशोधन) नियमावली, २०७७

प्रदेश सभा कार्य सञ्चालन नियमावली संशोधन गर्न वाञ्छनीय भएकोले,

प्रदेश सभा कार्य संचालन नियमावली, २०७५ को नियम २२३ ले दिएको अधिकार प्रयोग गरी प्रदेश सभाले यो नियमावली संशोधन गरी देहायका नियमहरु बनाएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भः (१) यी नियमाहरुको नाम "प्रदेश सभा कार्य सञ्चालन (दोश्रो संशोधन) नियमावली, २०७७" रहेको छ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

२. प्रदेश सभा कार्य सञ्चालन नियमावली, २०७५ मा परिच्छेद ३क थपः- प्रदेश सभा कार्य संचालन नियमावली, २०७५ को परिच्छेद ३ पछि देहायको परिच्छेद ३क थपिएको छः-

"परिच्छेद-३क

## सूचना तथा सञ्चार माध्यमबाट सभा र समितिको बैठक सञ्चालन तथा स्थगन गर्ने सम्बन्धी व्यवस्था

६क. प्रदेश सभाको र समितिको बैठक सूचना तथा सञ्चारको माध्यमबाट सञ्चालन गर्न सकिनेः- (१) सभा र समितिको बैठक सूचना तथा सञ्चारको माध्यम प्रयोग गरी सञ्चालन गर्न सकिनेछ ।

(२) उपनियम (१) बमोजिम हुने बैठकमा सहभागी हुने सदस्य समेतको उपस्थिति जनाई बैठकमा उपस्थिति भएको मान्यता दिइनेछ।

६ख. सूचना तथा सञ्चार माध्यमबाट मतदान गर्न पाउनेः- (१) नियम ६क बमोजिमको बैठकमा कुनै पनि प्रस्तावको पक्ष/विपक्षमा हुने मतदान प्रकृयामा भाग लिई मतदान गर्न पाउँनेछन् ।

(२) उपनियम (१) बमोजिम सूचना तथा सञ्चारको माध्यमबाट पक्ष/विपक्षमा गरेको मतदानलाई मान्यता दिनेछ।

६ग. अभिलेख राख्नेः- सूचना तथा सञ्चार माध्यमबाट सभा र समितिको बैठक सञ्चालन हुँदाका बखत बैठकमा भएका सम्पूर्ण गतिविधिहरुको विधुतीय अभिलेख राखिनेछ।"